नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

मिनभवन, काठमाडौं

## अमिन र सर्भेक्षक करारमा छनौटका लागि पद थप भएको सूचना

(सूचना प्रकाशित मिति २०८१/१०/१०)

भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को अनुसूची-३ बमोजिमको स्वीकृत प्राविधिक दरबन्दी मध्ये २०० सर्भेक्षक र २७४ अमिन पदपूर्तिका लागि विज्ञापन भएकोमा स्वीकृत दरबन्दी मध्ये बाँकी सर्भेक्षक २०० र अमिन ३२६ को लागि कार्यक्रम संसोधन भई आएकाले बाँकी पद संख्या सर्भेक्षक २०० (दुई सय) र अमिन ३२६ (तीन सय छब्बिस) नापी विभागबाट भएको विज्ञापनबाटै छनौट गरिदिन गठन आदेशको दफा २४ को उपदफा (५) बमोजिम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत अनुरोध गर्ने व्यहोराको भूमि समस्या समाधान आयोगको प. सं. २०८१/०८२ च.नं १२० मिति २०८१।१०।०४ को पत्र , भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प. सं. १.१(प्र)२०८१/८२/१(१)९ च. नं १०४५ मिति २०८१।१०।०८ को आवश्यक कार्यार्थ सम्बन्धी पत्र साथ प्राप्त भएकोले करार सेवामा अमिन र सर्भेक्षक पदमा कर्मचारी छनौटका लागि मिति २०८१/०८/१३ को गोरखापत्र राष्ट्रिय दैनिक तथा नापी विभागको वेबसाइट www.dos.gov.np मा प्रकाशित विज्ञापनको सूचना मार्फत संकलन भएका आवेदनहरुबाट नै छनौट प्रक्रिया सम्पन्न हुने गरी देहाय बमोजिम पद संख्या थप भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>देहाय</u>

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा | मिति २०८१/०८/१३ मा प्रकाशित माग पद संख्या | थप भएको पद संख्या | कुल कायम हुन आउने पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/०८१-८२ | सर्भेक्षक | करार | २०० | २०० | ४०० |
| २. | २/०८१-८२ | अमिन | करार | २७४ | ३२६ | ६०० |